म.प.बै.सं. २७।०८१

## संवत् २०८१ साल मंसिर ६ गते बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरुः

१. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः प्रदेश लोक सेवा आयोग, मधेश प्रदेशबाट सिफारिस भई आएका विभिन्न उम्मेदवारहरुलाई स्थायी नियुक्ति गर्ने।

२. ऊर्जा, सिंचाई तथा खानेपानी मन्त्रालयः मधेश प्रदेश सरकारका तर्फबाट दातृ निकायसंग Project Agreement मा राय एवं सहमतिका साथै हस्ताक्षर गर्न ऊर्जा, सिंचाई तथा खानेपानी मन्त्रालयका प्रदेश सचिव श्री जक्की अहमद अन्सारीलाई मधेश प्रदेश सरकारको तर्फबाट आधिकारिक प्रतिनिधि तोकी पठाउन सहमति प्रदान गर्ने।

३. यस वर्ष जनकपुरधाममा हुने विवाहपञ्चमी महोत्सव र बारा जिल्लामा हुने गढीमाई मेलालाई व्यवस्थित एवं प्रभावकारी बनाउने सम्बन्धमा देहायका मन्त्रालयहरुले देहाय बमोजिमका कार्य प्रचलित कानून बमोजिम गर्ने।

क. शिक्षा तथा संस्कृति मन्त्रालय, मधेश प्रदेशले Display को व्यवस्थापन, ४ ठाउँमा टेण्ट र २० वटा गेट निर्माण गर्ने।

ख. सुरक्षा संयन्त्रलाई आवश्यक पर्ने सामग्रीको व्यवस्थापन एवं Live प्रसारण कार्य गृह, सञ्चार तथा कानून मन्त्रालय, मधेश प्रदेशले गर्ने।

ग. ऊर्जा, सिंचाई तथा खानेपानी मन्त्रालय, मधेश प्रदेशले ४ ठाउँमा खानेपानी र ठाउँ ठाउँमा १८ वटा Street light र २०० वटा अस्थायी शौचालय सम्बन्धित शिर्षकमा छुट्याएको रकम रित पूर्वक खर्च लेखे।

घ. खेलकुद तथा समाज कल्याण मन्त्रालय, मधेश प्रदेशले सामूहिक विवाह र मधेश भवन भित्र जन्तीलाई स्वागत कक्ष र खानाको व्यवस्था गर्ने।

ङ. वन तथा वातावरण मन्त्रालय, मधेश प्रदेशले टेण्ट भएको ठाउँमा र वासस्थानमा चिसोबाट जोगाउन धुनीको व्यवस्था मिलाउने।

च. गढीमाई मेलाको लागि आवश्यक पर्ने करिब ३५ चट्टा जलावन (दाउरा) को व्यवस्था वन तथा वातावरण मन्त्रालय, मधेश प्रदेशले मिलाउने।

छ. जन्तीको लागि मधेश भवन भित्र ६०० जनालाई व्यवस्थापन गर्ने कार्य मधेश प्रदेश सरकारको उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालयले गर्ने।

म.प.बै.सं. २८।०८१

## संवत् २०८१ साल मंसिर १८ गते बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरुः

१. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः माननीय मुख्यमन्त्रीज्यूको भारत भ्रमण स्वीकृतिका लागि सिफारिस गर्ने।
२. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः माननीय मुख्यमन्त्रीज्यूको अमेरिका भ्रमण स्वीकृतिका लागि सिफारिस गर्ने।
३. खेलकुद तथा समाज कल्याण मन्त्रालयः बजेट रोक्का तथा नयाँ कार्यक्रम स्वीकृत गर्ने।
४. गृह, सञ्चार तथा कानुन मन्त्रालयः मधेश प्रदेशमा मिति २०८१ मंसिर २३ गते सार्वजनिक बिदा दिने।

द्रष्टव्यः निर्णयसँग सम्बन्धी विस्तृत जानकारी सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ ।